एन.एस.डब्ल्यू. स्वास्थ्य

ह्युमन प्यापिलोमाभाइरस (एच.पि.भी.) खोप

अभिभावक जानकारी पत्र

अष्ट्रेलियाली सरकारले राष्ट्रिय खोप कार्यक्रम (NIP) अन्तर्गत किशोरकिशोरीहरूका लागि केही खोपहरू नि:शुल्क प्रदान गर्दछ।

प्रश्न: एच.पि.भी. (HPV) भनेको के हो र यो कसरी फैलिन्छ?

एच.पि.भी. (ह्युमन प्यापिलोमाभाइरस) एक सामान्य भाइरस हो जसले पुरुष र महिला दुवैलाई असर गर्छ। यो भाइरस भएको व्यक्तिसँग यौनसम्पर्क राख्दा यौनाङ्गको सम्पर्कबाट सर्छ। यो भाइरस छालाको स-साना प्वालहरूबाट प्रवेश गर्छ र रगत वा अन्य शरीरको तरल पदार्थबाट फैलिँदैन। कन्डमको प्रयोगले सीमित सुरक्षा दिन्छ किनभने यसले यौनाङ्गको सम्पूर्ण छाला ढाक्दैन।

सबै प्रकारका एच.पि.भी. हरूले लक्षणहरू देखाउँछन् भन्ने छैन्। एच.पि.भी. भएका धेरै मानिसहरूलाई आफुँलाई एच.पि.भी. भएको थाहा हुँदैन।

केही एच.पि.भी. का प्रजातिहरुको कारणले शरीरमा मुसा (warts) देखिन सक्छ जसमा जननेन्द्रियहरू (योनिद्वार, योनि, पाठेघर, लिंग, अण्डकोष, मलद्वार र पेरिनियम) पर्दछ। मुसाहरू सामान्यतया पीडारहित हुन्छन् तर यसका कारण चिलाउन वा असहज महसुस हुन सक्छ। यस्तो प्रजातिहरूलाई "न्यून-जोखिम" भनिन्छ किनकी यसले क्यान्सर निम्त्याउँदैन।

"उच्च-जोखिम" भनिने एच.पि.भी. का अन्य प्रजातिहरुले असामान्य कोशिकाहरू बढाउन सक्छन्। यदि उपचार नगरिएको खण्डमा यी कोशिकाहरू क्यान्सरमा परिणत हुन सक्छन्।

उच्च-जोखिम का एच.पि.भी. हरू ले निम्न गराउन सक्छन्:

- **प्राय: सबै खाले पाठेघरको मुखको क्यान्सर**
- **९०% मलद्वारको क्यान्सर**
- **७८% योनिद्वारको क्यान्सर**
- **६०% घाँटीको क्यान्सर**
- **२५% योनीको क्यान्सर**
- **५०% लिङ्गको क्यान्सर।**

पुरुषहरूलाई खोप लगाउनाले उनीहरूमा हुन सक्ने क्यान्सर र मुसाहरूलाई रोक्छ र महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर हुन बाट जोगाउन मद्दत गर्छ।

प्रश्न: खोपहरूले कसरी काम गर्छन्?

खोपहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई संक्रमणसँग लड्न मद्दत गर्छन्। यदि खोप लगाइएको व्यक्ति यी संक्रमणहरूको सम्पर्कमा आउँछ भने, या त रोगको विकासलाई रोक्न वा यसको गम्भीरतालाई कम गराउन, तपाईंको प्रतिरक्षा प्रणालीले यस बिरुद्ध लड्न सक्छ।

प्रश्न: कुन खोप प्रयोग गरिनेछ?

एच.पि.भी. खोपले ९ प्रकारका एच.पि.भी. विरुद्ध सुरक्षा प्रदान गर्दछ: ६, ११, १६, १८, ३१, ३३, ४५, ५२, र ५८।

प्रश्न: एच.पि.भी. खोपको कति खुराक आवश्यक पर्छ?

एच.पि.भी. खोपको एक खुराकले दुई खुराक लिए जत्तिकै सुरक्षा प्रदान गरेको अनुसन्धानले देखाउँछ। यसैको आधारमा, अष्ट्रेलियाले अहिले एक-खुराक तालिका प्रयोग गर्दछ।

कमजोर प्रतिरक्षा प्रणाली भएका केही किशोरकिशोरीहरूलाई तीन खुराक आवश्यक पर्छ। उनीहरूले पहिलो खोप लगाएको २ महिनापछि दोस्रो खोप र दोस्रो खोप लगाएको ४ महिनापछि तेस्रो खोप लगाउनुपर्छ।

कमजोर प्रतिरक्षा प्रणाली भएकामा निम्न व्यक्तिहरू पर्छन्:

- **प्रतिरक्षा प्रणालीमा गडबडी भएका**
- **एच.आई.भी. भएका**
- **क्यान्सर भएका**
- **अङ्ग प्रत्यारोपण गरेका**
- **अटोइम्यून रोगहरू भएका**
- **कडा इम्युनोसप्रेसिभ थेरापी (तर एस्पेलिन को समस्या बाहेक) गरेका।**

प्रश्न: यदि मेरो बच्चाले पहिले नै खोपको एउटा खुराक लगाइसकेको खण्डमा के हुन्छ?

यदि तपाईंको बच्चाले पहिले नै एक खुराक लगाइसकेको खण्डमा, उसलाई दोस्रो खुराक लागाउन पर्दैन। उनीहरूलाई पूर्ण खोप लगाइएको मानिनेछ।

खोप लगाएका महिलाहरूलाई अझै पनि नियमित पाठेघरको मुखको जाँच गर्न (पहिले प्याप स्मीयर भनिने) आवश्यक पर्दछ। एच.पि.भी. खोपले सबै प्रकारका एच.पि.भी. विरुद्ध सुरक्षा दिँदैन। २५ वर्षभन्दा माथिका महिलाहरूले खोप लगाएको भए पनि, प्रत्येक ५ वर्षमा पाठेघरको मुखको स्क्रिनिङ्ग गराउनुपर्छ।

प्रश्न: एच.पि.भी. खोप कसले लगाउनु पर्छ?

सबै कक्षा ७ का विद्यार्थीहरू वा १२ वर्ष र सोभन्दा माथिका बालबालिकाहरूले HPV खोपको एक खुराक लगाउनु पर्छ।

प्रश्न: एच.पि.भी. खोप कसले लगाउनु हुँदैन?

निम्न व्यक्तिहरूले एच.पि.भी. खोप लगाउनु हुँदैन:

- **गर्भवती भएका वा गर्भवती भएको आशंका लागेका**
- **पहिलेको एच.पि.भी. खोप वा यसमा भएका तत्वहरूबाट गम्भीर एलर्जीको असर (एनाफिलेक्सिस) देखिएका**
- **यिस्ट (yeast) का कारण एलर्जी भएका।**

प्रश्न: एच.पि.भी. खोप कत्तिको प्रभावकारी छ?

एच.पि.भी. खोपले महिलाहरूमा ९०% भन्दा बढी पाठेघरको मुखको क्यान्सर गराउने उच्च-जोखिमका एच.पि.भी. प्रजातिहरूबाट बचाउँछ। यसले पुरुषहरूमा क्यान्सर निम्त्याउने अन्य एच.पि.भी. प्रजातिहरूबाट पनि बचाउँछ।

खोप लगाएको १०+ वर्ष पछि पनि खोपले लगभग १००% सुरक्षा प्रदान गरेको अध्ययनहरूले देखाउँछ। खोप कार्यक्रम शुरू भएदेखि, निम्न घटनाहरू भएका छन्:

- **खोप लगाइएका उमेर समूहहरूमा उच्च-स्तरीय पाठेघरको मुखको असामान्यतामा ५०% कम**
- **२१ वर्ष मुनिका युवायुवतीहरूमा यौनाङ्गमा मुसा आउँने समस्यामा ९०% कम।**

पाठेघरको मुखको क्यान्सर १०+ वर्षभन्दा बढी समय लगाएर विकसित हुन्छ, त्यसैले खोपको पाठेघरको मुखको क्यान्सरमा पूर्ण प्रभाव देखिन समय लाग्नेछ। राष्ट्रिय सर्भिकल स्क्रिनिङ कार्यक्रम (१९९१ मा सुरु भएको) र एच.पि.भी. खोप कार्यक्रम (२००७ मा सुरु भएको) का कारण पाठेघरको मुखको क्यान्सरको दर उल्लेखनीय रूपमा घटेको छ।

प्रश्न: एच.पि.भी. खोपमा के के हुन्छ?

एच.पि.भी. खोपमा यीस्ट, एल्युमिनियम एड्जुभेन्ट, सोडियम क्लोराइड, एल-हिस्टिडाइन, पोलिसोर्बेट र सोडियम बोरेट हुन्छ। खोपलाई सक्रिय वा सुरक्षित राख्न मद्दत गर्न यी थोरै मात्रामा मिसाइएका हुन्छन्।

प्रश्न: खोपहरू कति सुरक्षित छन्?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन्। थेराप्युटिक गुड्स एडमिनिस्ट्रेशन (TGA) बाट अनुमोदन हुनु अघि निकै कडा सुरक्षा परीक्षणहरू पास गर्नुपर्छ। TGA ले प्रयोग पछि पनि खोप सुरक्षाको निगरानी गर्दछ।

प्रश्न: एच.पि.भी. खोपका साइड इफेक्टहरु के के हुन्?

साइड इफेक्टहरू सामान्यतया हल्का हुन्छन्, जस्तै खोप लगाइएको ठाउँमा दुख्ने, सुन्निने वा रातो हुने। यी सामान्यतया केही दिनमा हराउँछन्। गम्भीर साइड इफेक्टहरू विरलै हुन्छन्।

साइड इफेक्ट बारे थप जानकारीको लागि, health.nsw.gov.au/schoolvaccination मा उपभोक्तालाई औषधि सम्बन्धी जानकारी (CMI) हेर्नुहोस्।

यदि तपाईं साइड इफेक्टको बारेमा चिन्तित हुनुहुन्छ भने, आफ्नो जी.पी. लाई सम्पर्क गर्नुहोस्। स्थानीय जनस्वास्थ्य इकाईलाई पनि साइड इफेक्टहरू बारे रिपोर्ट गर्न सकिन्छ।

प्रश्न: एनाफिल्याक्सिस भनेको के हो?

एनाफिल्याक्सिस एक गम्भीर एलर्जी सम्बन्धी असर हो जसको छिटो उपचार गरिएन भने अचेत हुन वा मृत्यु हुन सक्छ। खोप लगाएपछि यो हुने सम्भावना धेरैनै कम हुन्छ। एनाफिल्याक्सिस भएको खण्डमा खोप प्रदायकहरू यसको उपचार गर्न तालिम प्राप्त छन्।